२०७७/६/१६ गतेको
गो.प. बाट

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशु सेवा विभाग, हरिहरभवन, ललितपुर

**सूचना नं. ०३/२०७७/०७८**

## मसलन्द, कार्यालय सामाग्री लगायतका मालसामानहरु खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०६/१६**

यस विभागको आ.ब.०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मसलन्द तथा कार्यालय मालसमानहरु लगायतका विभिन्न सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले निम्न शर्तहरु पालना गर्ने गरी इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन अर्थात मिति २०७७/०६/३० गते सम्म कार्यालय समयभित्र रु.१०००।- (फिर्ता नहुने गरी) राजश्व बुझाइ यस विभागवाट सिलबन्दी दरभाउपत्र खरिद गर्न तथा १६औ दिन अर्थात २०७७/०७/०१ गते दिनको १२ बजेभित्र रितपूर्वकको गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ:-

**<u>सिलबन्दी दरभाउपत्र पेश गर्दा पुऱ्याउनु पर्ने रीत र शर्तहरु:</u>**

१. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्महरुले सम्बन्धित संस्थाको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आर्थिक बर्ष २०७७/०७८ को लागि नविकरण भएको फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको प्रमाणपत्र, आर्थिक बर्ष २०७६/७७ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र साथै फर्मसँग सम्बन्धित अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र रु. १०००।- (एक हजार) नगदै बुझाई सिलबन्दी दरभाउपत्र फाराम यस विभागबाट खरिद गर्न सकिने र १६ औं दिनको १२ बजेभित्र दर्ता गरी सोही दिनको १.०० बजे विभागको कार्यालय भवनको मिटिङ्ग हलमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ ।

३. दरभाउपत्रदाताले उल्लेखित मालसामानहरुको दररेट स्पष्ट रुपमा उल्लेख गरी पेश गर्नुपर्ने छ । मालसामानको आपूर्ति गर्दा तोकिएको स्पेशिफिकेशन वमोजिम नै आपूर्ति गर्नु पर्नेछ ।

४. सिलवन्दी दरभाउपत्रसाथ कार्यालय कोड नं. ३१२०२३४०१, श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको नाममा रहेको नेपाल बैंक लि., गाबहाल स्थित धरौटी खाता नं. ०१८०२०००००००३०००५१ मा दरभाउपत्र जमानत वापत रु. ३०,०००।०० (अक्षेरुपी तीस हजार मात्र ।) रकम जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकको ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र र पेश गरेका कागजातहरुको प्रत्येक पानामा दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनुपर्ने छ ।

६. दरभाउपत्र अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईने छ ।

७. दरभाउपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट वा कार्यालय खुलेको दिन सोही स्थान र समयमा हुनेछ ।

८. सिलबन्दी दरभाउपत्रको बाहिरी खाममा "मसलन्द तथा कार्यालय मालसामान सम्बन्धी कार्य र संयोजक खरिद इकाई, पशु सेवा विभाग, हरिहरभवन" भनि उल्लेख गर्नु पर्नेछ ।

९. म्याद नाघी, रित नपुगी वा कुनै शर्त उल्लेख गरी पेश गरिएको सिलबन्दी दरभाउपत्र उपर कारवाही हुनेछैन ।

१० दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ ।

११. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपश्चात दरभाउपत्रदाताले खरिद सम्झौता गर्नु अघि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछ ।

१२. सिलबन्दी दरभाउपत्रको सूचनामा उल्लेखित शर्तहरु र उल्लेख गर्न छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरि ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ ।

१३. दरभाउपत्र सम्बन्धी सूचना यस विभागको सूचना पाटी तथा वेवसाइट www.dls.gov.np मा समेत हेर्न सकिने छ ।